स्थानीय सरकार
सम्पर्क नं.०२५-५४३०३०

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८३/०८४
च.नं.-

## निःशुल्क सीपमूलक तालिममा सहभागी हुन आवेदन दिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०५

दुहवी नगरपालिकाको आ.व. २०८३/८४ को स्वीकृत कार्यक्रम अन्तर्गत बेरोजगार तथा रोजगारीको खोजीमा रहेका युवाहरूलाई सीप प्रदान गरी रोजगारी तथा स्वरोजगारका अवसरमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले तपसिल बमोजिमका **निःशुल्क सीपमूलक तालिमहरू** सञ्चालन गर्न लागिएको हुँदा इच्छुक तथा योग्य नगरवासीहरूबाट आवेदन आह्वान गरिएको छ।

तपसिल

| क्र.सं. | तालिमको नाम | अवधि | सहभागी संख्या |
|---|---|---|---|
| १ | बारिष्टा तालिम | ३० दिन | २० जना |
| २ | कृत्रिम बुद्धिमत्ता (**Artificial Intelligence–AI**) तालिम | ७ दिन | ३० जना |

**१. बारिष्टा तालिमका लागि आवश्यक योग्यता**

- १८ वर्ष माथिका दुहवी नगरपालिकाभित्र स्थायी बसोबास भएको हुनुपर्नेछ।
- न्यूनतम एस.ई.ई. तह उत्तीर्ण भएको हुनुपर्नेछ।
- तालिममा नियमित रूपमा सहभागी हुन इच्छुक तथा सक्षम हुनुपर्नेछ।
- रोजगारी वा स्वरोजगारका लागि सीप सिक्न इच्छुकलाई प्राथमिकता दिइनेछ।

**२. कृत्रिम बुद्धिमत्ता (AI) तालिमका लागि आवश्यक योग्यता**

- १६ वर्ष माथिका दुहवी नगरपालिकाभित्र स्थायी बसोबास भएको हुनुपर्नेछ।
- न्यूनतम **एस.ई.ई.** तह उत्तीर्ण भएको हुनुपर्नेछ।
- **कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान** भएको हुनुपर्नेछ।
- तालिमको क्रममा **आफ्नै स्मार्टफोन तथा ल्याप्टप अनिवार्य रूपमा लिएर उपस्थित हुनुपर्नेछ ।**
- तालिममा नियमित रूपमा सहभागी हुन इच्छुक तथा सक्षम हुनुपर्नेछ।

**३. आवेदन दिने माध्यम**

इच्छुक योग्य उम्मेदवारहरूले देहायका माध्यमबाट आवेदन दिन सक्नेछन्:

- **श्रम संसार वेबसाइटः https://shramsansar.gov.np** वा **श्रम संसार मोबाइल एप (Shramsansar Mobile App)**

पवन प्रधान
रोजगार संयोजक

निमित्त प्रमुख प्रशासकीय अधिकृत
२०८३/५/५

स्थानीय सरकार
सम्पर्क नं.०२५-५४३०३०
दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८३/०८४
च.नं.-

४. आवेदन दिने अन्तिम मिति

- २०८३/०५/११ **गतेभित्र** आवेदन पेश गरिसक्नुपर्नेछ।
- तोकिएको म्यादपछि प्राप्त आवेदनहरू स्वीकार गरिने छैन।

५. छनौट प्रक्रिया

तालिमका लागि आवेदन दिएका योग्य आवेदकहरूको **अन्तर्वार्तामार्फत छनौट** गरिनेछ। अन्तर्वार्ताको मिति, समय र स्थान सम्बन्धी जानकारी सम्बन्धित आवेदकहरूलाई पछि जानकारी गराइनेछ।

६. अन्य शर्तहरू

- तालिम **पूर्ण रूपमा निःशुल्क** हुनेछ।
- तालिममा छनौट भएका सहभागीहरूले तोकिएको समय अवधिभर नियमित उपस्थित भई तालिम पूरा गर्नुपर्नेछ।
- गलत विवरण वा झुटा प्रमाण पेश गरेको पाइएमा आवेदन/छनौट रद्द गर्न सकिनेछ।
- एक व्यक्तिले आफू योग्य भएको **सम्बन्धित तालिममा मात्र** आवेदन दिनुपर्नेछ।
- आवश्यक परेमा नगरपालिकाले तालिमको संख्या, स्थान, समय तथा अन्य व्यवस्थामा हेरफेर गर्न सक्नेछ।
- थप जानकारीका लागि दुहवी नगरपालिकाको **रोजगार, सीप तथा उद्यमशीलता** केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

पवन प्रधान
रोजगार संयोजक
अधिकृत छैटौं

२०८३।५।५
नि. प्रमुख प्र. अधिकृत